बैठक संख्याः २३।२०८०
बैठक मितिः २०८०।०८।२६, समयः दिनको १:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु :**

१. प्रस्ताव नं. १ : अध्ययन पुर्व स्वीकृति सम्बन्धमा ।
२. प्रस्ताव नं. २ : सडक बोर्ड नेपालको आ.व. २०८०।०८१ को बजेट सम्बन्धमा।
३. प्रस्ताव नं. ३ : नेपाल विद्युत प्राधिकरणको विद्युत महसुल सम्बन्धमा ।
४. प्रस्ताव नं. ४ : भा.सि.मा.वि. गेट निर्माण सम्बन्धमा।
५. प्रस्ताव नं. ५ : ३२ औ अन्तराष्ट्रिय अपाङ्गता दिवस कार्यक्रम सम्वन्धमा ।
६. प्रस्ताव नं. ६ : राजश्व संकलन कार्य SUTRA मा आबद्ध गर्ने सम्बन्धमा ।
७. प्रस्ताव नं. ७ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रहरुको जानकारी सम्वन्धमा ।
८. प्रस्ताव नं. ८ : ENSSURE परियोजना अन्तर्गत तालिम छनौट सम्वन्धमा ।
९. प्रस्ताव नं. ९ : छपकी पोखरीमा चिल्ड्रेन पार्क/गार्डेन निर्माण सम्बन्धमा ।
१०. प्रस्ताव नं. १० : सहायक पाँचौ श्री दिलिप कुमार चौधरीको राजिनामा स्वीकृत सम्बन्धमा ।
११. प्रस्ताव नं. ११ : वडा स्तरीय योजनाहरु कोटेसन मार्फत संचालन गर्ने सम्बन्धमा ।
१२. प्रस्ताव नं. १२ : e-bidding मार्फत शिलबन्दी दरभाउपत्र आव्हान गरिएका योजनाहरुको सम्बन्धमा।
१३. प्रस्ताव नं. १३ : झुम्केश्वर टो.वि.स. ,रामधुनी ५ कटुवाल मार्गमा मिक्सगिट्टी हाल्ने सम्बन्धमा ।
१४. प्रस्ताव नं. १४ :"न्याय"(JUSTICE) प्रकाशन गर्न सहयोग सम्बन्धमा ।
१५. प्रस्ताव नं. १५ : ग्राभेलको रकम भुक्तानी सम्बन्धमा ।
१६. प्रस्ताव नं. १६ : आर्थिक सहयोगको खर्च अनुमोदन सम्बन्धमा ।
१७. प्रस्ताव नं. १७ :योग प्रयोगशालालाई सामाग्री सहयोग सम्बन्धमा ।
१८. प्रस्ताव नं. १८ : सडक मर्मत तथा ग्राभेल गर्न बजेट बिनियोजन सम्बन्धमा ।
१९. प्रस्ताव नं. १९: सटर भाडा सम्बन्धमा ।
२०. प्रस्ताव नं. २०: बालिका तथा समावेशी शिक्षा सन्जाल गठन तथा परिचालन कार्यविधि, २०८० स्वीकृत सम्बन्धमा ।
२१. प्रस्ताव नं. २१: सिंगिया स्वास्थ्य चौकी भवन निर्माणको जग्गा पास सम्बन्धमा ।
२२. प्रस्ताव नं. २२: आर्थिक सहायता सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १**

रामधुनी नगरपालिका अन्तर्गत आधारभूत स्वास्थ्य केन्द्र, वडा नं. ७, कुमरखतमा कार्यरत जनस्वास्थ्य निरीक्षक श्री लोकेन्द्र बहादुर राई (क.सं.नं. २१८५७०) ले शैक्षिक सत्र २०८०।०८१ को चिकित्सा शिक्षा आयोगद्वारा संचालन हुने Common Entrance Exam मा Master in Public Health दुई वर्षे

कोर्ष अध्ययनको लागि अध्ययन पुर्व स्वीकृतिको लागि निवेदन गर्नु भएकोले निज कर्मचारीलाई अध्ययन पुर्व स्वीकृतिको लागि श्री स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौंमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नेपाल सरकार, सडक बोर्ड नेपालको च.नं. ४६७ मिति २०८०।०८।०१ गतेको पत्रबाट आ.व. २०८०।०८१ को लागि रु.७०,००,०००।- (सतरी लाख) बजेटको स्वीकृति प्राप्त भएकोले उक्त बजेटबाट निम्न योजनाहरु निर्माण गर्ने निर्णय गरियो ।साथै, निम्न योजनाहरुमा नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने लागत साझेदारी समपुरक कोषबाट व्यहोर्ने निर्णय गरियो ।

निम्न

| सि.नं. | योजनाको नाम | बजेट |
|---|---|---|
| १ | भमरी चोकबाट कुम्याही जाने सडक मर्मत तथा स्तरोन्नति | रु.२०,००,०००।- |
| २ | वडा नं. २ धमौरी, विष्णु चौधरीको घर देखि दतकिचा पूल हुदै छपकी पोखरी सडक मर्मत तथा स्तरोन्नति | रु.२५,००,०००।- |
| ३ | तरहरा चतरा मार्ग सेउती पूल देखि पश्चिम भट्टराई चोक जाने सडक मर्मत तथा स्तरोन्नति | रु.२५,००,०००।- |

**निर्णय नं. ३**

नेपाल विद्युत प्राधिकरण, इनरुवा वितरण केन्द्र, सुनसरीको च.नं. ५३२ मिति २०८०।०८।०७ गतेको पत्रबाट वडा नं. ८ र ९ मा रहेका सडक बत्तिहरुको हालसम्मको विद्युत महसुल वापतको बाँकी रकम रु.९१,६९,८८६।४५ (थप दस्तुर सहित) र नेपाल विद्युत प्राधिकरण, इटहरी वितरण केन्द्र, सुनसरीको च.नं. ५६१ मिति २०८०।०८।१० गतेको पत्रबाट साविक भा.सी. गा.वि.स., साविक सिंगिया गा.वि.स र रामधुनी न.पा. वडा नं. ५ मा रहेका सडक बत्तिहरुको हालसम्मको विद्युत महसुल वापतको बाँकी रकम रु.६६,६०,०४४।४७ (थप दस्तुर बाहेक) भुक्तानी गरिदिन अनुरोध भई आएको पत्रको विषयमा बैठकमा जानकारी भयो ।

**निर्णय नं. ४**

रामधुनी नगरपालिका, वडा नं. १ भा.सि.मा.वि. गेट निर्माणका लागि प्राविधिक लागत अनुमान रु.१,५६,७००।१३ (एक लाख छपन्न हजार सात सय रुपैया तेर्ह पैसा) लाग्ने भएकोले चालु आ.व. को मर्मत सम्भार शिर्षकबाट उक्त गेट निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

अपाङ्गता उत्थान केन्द्र, रामधुनी ३ को च.नं. १६ मिति २०८०।०८।१२ को पत्रबाट अनुरोध भई आए वमोजिम ३२ औ अन्तराष्ट्रिय अपाङ्गता दिवस कार्यक्रम मनाउनको लागि साविकमा बिनियोजन भएको वजेट अपुग भएकोले रु.४०,०००।- (चालिस हजार) बजेट थप गरिदिन अनुरोध भई आए बमोजिम

चालु आ.व. २०८०|०८१ मा आर्थिक सहायता शिर्षकमा विनियोजित रकम मध्येबाट अपुग रकम रु.४०,०००|- (चालिस हजार) थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सूचना तथा प्रविधि शाखा, सिंहदरवार, काठमाडौंको च.नं.२८६ मिति २०८० मार्ग ६ गतेको सुझाव कार्यान्वयन विषयक पत्रसाथ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र संख्याः-४-स्थानीय/१७५/०८०/०८१ च.नं. २४३४७ मिति २०८०।०७।२४ को पत्रबाट प्राप्त सुझाव "स्थानीय तहको राजश्व संकलन तथा खर्च लेखांकनका विषय स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा पूर्णरुपमा आवद्ध गर्ने व्यवस्था गर्ने व्यहोराको विषय बैठक समक्ष जानकारी भई सुझाव बमोजिम मिति २०८०|०८|१४ गतेबाट राजश्व संकलन कार्य SUTRA मा आबद्ध गरी कार्य सुरु गरेकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २७४ मिति २०८० कार्तिक २२ गतेको पत्रसाथ संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंको पत्र संख्या :-२०८०/०८१ च.नं. २२३२८ मिति २०८०|०७|१५ गतेको पत्रको विषय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीको पत्र संख्याःअनु.२(घ)C -०२५७६३/०८०/०८१ चलानी नं.: ITH -८०८१-२६१९५ र पत्र संख्याःअनु.२(घ)C -०२५१६१/०८०/०८१ चलानी नं.: ITH -८०८१-२६१९९ मिति २०८०|०८|११ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंको पत्र संख्या :-७-अनु/सुशील/०८०/०८१ च.नं. २६२४१ र २६२७४ मिति २०८०।०८।११ को पत्रको विषय र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २२५ मिति २०८०|०६|२२ र च.नं. २५१ मिति २०८०|०७|०१ को पत्रसाथ संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंको सुझाव कार्यान्वयन विषयका पत्र बैठक समक्ष जानकारी भयो ।

**निर्णय नं. ८**

रामधुनी नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०|०८|०७ गतेको (बैठक संख्याः२१।२०८०) बैठकको निर्णय नं. ७ बाट रामधुनी नगरपालिकामा संचालित ENSSURE परियोजना अन्तर्गत १० महिने कार्यगत अभ्यास सहितको तालिमका लागि कम्प्युटर हार्डवेयर एण्ड नेटवर्किंग टेक्निसियन (Computer Hardware and Networking Technician) र Professional A.C. / Refrigerator Mechanic विषय छनौट भएकोमा Professional A.C. / Refrigerator Mechanic विषयको तालिमको सट्टामा Cooking विषय छनौट गर्ने निर्णय गरियो ।

बैठक संख्या: २३।२०८०
बैठक मितिः २०८०।०८।२६, समयः दिनको १:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. ९**

रामधुनी नगरपालिका अन्तर्गत वडा नं. ९ मा पर्यटन क्षेत्रको प्रवर्द्धन र विकासका लागि छपकी पोखरीमा चिल्ड्रेन पार्क/गार्डेन निर्माण कार्यको लागि संघीय सरकारबाट हस्तान्तरित समपुरक अनुदान तर्फ रु.५०,००,०००।- (पचास लाख) बजेट बिनियोजन भएकोमा समपुरकतर्फ नगरपालिकाको साझेदारी बजेट समेत थप गरी सो निर्माण कार्य संचालन गर्नुपर्ने भएकोमा उक्त योजना निर्माणको लागि तयार भएको डी.पि.आर. मा शेड निर्माण गर्ने आइटम समावेश नभएको हुँदा १२*४.५ मिटरको २(दुई) वटा शेड समेत प्राविधिक लागत अनुमानमा समावेश गरी बोलपत्रको माध्यमबाट उक्त योजना निर्माण गर्ने निर्णय गरियो। साथै, सो योजनामा नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने लागत साझेदारी समपुरक कोषबाट व्यहोर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

रामधुनी नगरपालिका, ५ नं. वडा कार्यालयमा वडा सचिवको रुपमा कार्यरत सहायक पाँचौ श्री दिलिप कुमार चौधरीको तत्कालिन भा.सि.वा.वि.स. मा मिति २०५१।०४।१४ गते देखि लागु हुने गरी अस्थायी मुखिया पदमा नियुक्ति भई मिति २०६४।०३।०१ गते बाट लागुहुने गरी मुखिया पदमा स्थायी नियुक्ति पाई कामकाज गरी आएकोमा मिति २०६७।०४।०१ गते बाट लागुहुने गरी सहायक स्तर चौथौ तहमा तहवृिधि (वढुवा) भएको र मिति २०८०।०४।०१ गतेबाट लागुहुने गरी सहायक स्तर पाँचौ तहमा तहवृिधि भएको र हाल घरायसी कारण देखाई मिति २०८०।०८।१८ गतेदेखि लागुहुने गरी राजिनामा स्वीकृत गरी मैले पाउने संचित विदा, उपदान लगायतको सुविधा उपलब्ध गराई पाउन मिति २०८०।०८।१७ मा निज दिलिप कुमार चौधरीले निवेदन गरेकोले निज सहायक पाँचौ दिलिप कुमार चौधरीको राजिनामा स्वीकृत गरी निजले पाउने सेवा सुविधा उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ११**

रामधुनी नगरपालिका, ४ नं. वडा कार्यालयबाट अनुरोध भई आए बमोजिम चालु आ.व. २०८०।०८१ मा निम्न वडा स्तरीय योजनाहरु कोटेसन मार्फत संचालन गर्ने निर्णय गरियो।

कोटेसन मार्फत संचालन गर्ने योजनाहरु :

| क्र.स. | योजनाको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | वालविकास टोलको बाटोमा इन्टरलक गर्ने कार्य, वडा नं. ४ | रु.९,५०,०००।- | वडास्तरीय बजेट |
| २ | राधाकृष्ण टोलको बाटो इन्टरलक, वडा नं. ४ | रु.१०,००,०००।- | वडास्तरीय बजेट |

Thapa ५/९

बैठक संख्या: २३।२०८०
बैठक मिति: २०८०।०८।२६, समय: दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं. १२

चालु आ.व. २०८०।०८१ मा निम्न आयोजनाहरु संचालन गर्न e-bidding मार्फत शिलबन्दी दरभाउपत्र आव्हान गरिएकोमा देहायका दरभाउदाताहरुले पेश गरेको कबोल अंक सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) बमोजिम न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि मुल्यांकन समितिबाट छनौट भएकोले सम्बन्धित दरभाउपत्रदाता संग सम्झौता गरी उक्त निर्माण कार्य संचालन गर्ने निर्णय गरियो ।

तपसिल :

| सि.नं. | ठेक्का नं./ ठेक्काको नाम | दरभाउपत्रदाताको नाम | न्युनतम कबोल अंक रु. | कैफियत |
|---|---|---|---|---|
| १ | SQ No.: RMY/SQ/01/080/081 , Ward no.2 mochi tol bata karmaniya tole janay bato kalopatre | M/s degree nirman sewa, Inaruwa-3, Sunsari | ११,९६,७९२।९० | पी.एस. र भ्याट वाहेक |
| २ | SQ No.: RMY/SQ/02/080/081 , Baklauri dekhi panchayan janay adhuro karmagat kalopatre sadak nirman | M/s degree nirman sewa, Inaruwa-3, Sunsari | ८,०४,८०४ ।- | पी.एस. र भ्याट बाहेक |
| ३ | SQNo.:RMY/SQ/03/080/081, Dhuraha mulbato kalopatra nirman | M/s Alex and Aaisha Nirman Sewa, Ramdhuni-6 | १२,३१,४५६।९० | पी.एस. र भ्याट बाहेक |

निर्णय नं. १३

झुम्केश्वर टोल विकास संस्था ,रामधुनी नगरपालिका वडा नं. ५ को च.नं. ५ मिति २०८०।०७।२० को पत्रबाट अनुरोध भई आए बमोजिम सो टो.वि.स. अन्तर्गत कटुवाल मार्गमा मिक्स गिट्टी हाल्ने कार्यका लागि प्राविधिक लागत अनुमान बमोजिम रु.५४,०००।- (चौवन्न हजार) चालु आ.व. २०८०।०८१ को मर्मत सम्भार शिर्षकमा विनियोजित बजेट मध्येबाट विनियोजन गरी सो योजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

नेपाल निजामती कर्मचारी संगठन, विभागीय कार्यसमिति, सर्वोच्च अदालत, काठमाडौंको मिति २०८०।०८।०७ गते प्राप्त पत्रबाट बहुउपयोगी पुस्तक "न्याय"(JUSTICE) प्रकाशन गर्न सहयोग उपलब्ध गराईदिन अनुरोध भई आए बमोजिम रु.२५,०००।- (पचिस हजार) चालु आ.व. २०८०।०८१ को पत्रपत्रिका तथा सूचना प्रकाशन शिर्षकमा विनियोजित बजेट मध्येबाट खर्च हुने गरी सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

बैठक संख्याः २३।२०८०
बैठक मितिः २०८०।०८।२६, समयः दिनको १:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. १५**

रामधुनी नगरपालिका, ७ नं. वडा कार्यालयको च.नं. ९१६ मिति २०८०।०७ २३ गतेको पत्रबाट रानीपोखरी ढिकटोलमा भुल्के कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., रामधुनी ७ ले मिक्सगिट्टी हाल्ने कार्य गरेकोमा रु.९९,४४०।- (उनानसय हजार चार सय चालिस) भुक्तानीका लागि अनुरोध भई आएकोले चालु आ.व. २०८०।०८१ को मर्मत सम्भार शिर्षकमा विनियोजित रकम मध्येबाट प्राविधिक मुल्यांकन बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १६**

२०८० श्रावण देखि हालको मिति सम्ममा रामधुनी नगरपालिकाका प्रमुख तथा विभिन्न वडा कार्यालयहरुबाट सिफारिस भई उपलब्ध गराइएको आर्थिक सहयोग वापत भएको खर्चलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

दिपज्योति योग प्रयोगशाला, रामधुनी नगरपालिका वडा नं. ७ को मिति २०८०।०८।२१ को पत्रबाट सो प्रयोगशालामा प्रयोग गर्न १०० फिट लम्बाई र ८० फिट चौडाई भएको योगा म्याट र कार्पेट उपलब्ध गराईदिन अनुरोध भई आए बमोजिम चालु आ.व. २०८०।०८१ को आर्थिक सहायता शिर्षकमा विनियोजित बजेट मध्येबाट रु.२५,०००।- (पच्चीस हजार) खर्च हुने गरी उक्त सामाग्री उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८**

रामधुनी नगरपालिका, १ नं. वडा कार्यालयको च.नं. ६०२ मिति २०८०।०७।१७ गतेको पत्रबाट अनुरोध भई आए बमोजिम वडा नं. १ को वडा कार्यालय गेट देखि दक्षिण हटिया जाने सडक मर्मत तथा ग्राभेलका लागि अनुरोध भई आए बमोजिम उक्त सडक प्राविधिक लागत अनुमान तयार गरी मर्मत तथा ग्राभेल गर्नको लागि चालु आ.व. २०८०।०८१ को मर्मत सम्भार शिर्षकमा विनियोजित बजेट रकम मध्येबाट रु.१,००,०००।-(एक लाख) बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

रामधुनी नगरपालिका, वडा नं. १ हाटखोलामा स्थित स्टल नं. २० को सटर साबिक डुम्राहा गा.वि.स. वडा नाम. ६ निवासी शिव नारायण चौधरीसंग २०७७।०८।२२ गते सम्झौता भई संचालन भएकोमा २०८० साल पौष महिनादेखि मासिक भाडा रु.२५,००।- (कर सहित) तिर्ने गरी मिलिनियम इम्पोरियम पसल संचालन गर्न वडा नं. १ निवासी कृष्णराज निरौलासंग सम्झौता गरी उक्त सटर भाडा लगाउने निर्णय गरियो ।



CamScanner

बैठक संख्या: २३।२०८०
बैठक मिति: २०८०।०८।२६, समय: दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं. २०

बालिका तथा समावेशी शिक्षा सन्जाल गठन तथा परिचालन कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

रामधुनी नगरपालिका वडा नं. ३ स्थित सिंगिया स्वास्थ्य चौकी निर्माणको लागि आ.व. २०८०|०८१ मा संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) बजेट रु.८०,००,०००|- (असी लाख) बिनियोजन भएकोमा उक्त स्वास्थ्य चौकी निर्माण गर्नको लागि ३ नं. वडा कार्यालय रहेको स्थानबाट करिब ५०० मि. को आसपासमा नगरपालिकाको नाममा न्युनतम ३ (तीन) कट्ठा जग्गा निशुल्क उपलब्ध गराउन सम्बन्धित जग्गाधनीहरुको जानकारीको लागि स्थानीय पत्रिका एवं नगरपालिकाको website ,नगर कार्यपालिकाको कार्यालय र ३ नं. वडा कार्यालयमा ७ दिने सूचना प्रकाशन गरिएकोमा जिल्ला सुनसरी साविक सिंगिया गा.वि.स. वडा नं. ९ हाल रामधुनी नगरपालिका वडा नं. ३ बस्नेकैलु वहिदारको नाति वौकाई चौधरीको छोरा मानिक चन्द्र चौधरीको नाममा दर्ता कायम रहेको रामधुनी नगरपालिका साविक सिंगियाको कि.नं. ६४९ ज.वि.०-१५-० र ऐ.ऐ. कि.नं. १५२ को ज.वि. ०-०-१८ १/४ मध्येबाट नव निर्मित स्वास्थ्य चौकी जाने बाटोको लागि ०-२-० र ऐ.ऐ. बस्ने सोनि लाल चौधरीको छोरि स्व. वासु राम चौधरीको बुहारी शम्भु प्रसाद चौधरीको श्रीमती दुखनी देवी थरुनीको नाममा दर्ता कायम रहेको रामधुनी नगरपालिका साविक सिंगियाको कि.नं. १४३ को ज.वि.०-४-२ मध्येबाट ०-३-० जग्गा दिन मन्जुर भई मञ्जुरीनामा समेत पेश गरेको हुँदा सो जग्गा पास गर्नको लागि भुमिसुधार तथा मालपोत कार्यालय, इनरुवा, सुनसरीलाई सिफारिस गरी सो पास गर्नको लागि राजिष्ट्रेसन शुल्क समेत छुटको लागि सिफारिस गर्ने निर्णय गरियो । साथै, उक्त जग्गा सिंगिया स्वास्थ्य चौकीको नाममा पास गर्न वडा नं. ३ का वडाध्यक्ष श्री बुध नारायण चौधरीलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

निम्न बमोजिमको व्यक्ति एवं संस्थालाई चालु आ.व. २०८०|०८१ मा आर्थिक सहायता शिर्षकमा विनियोजित बजेट मध्येबाट निम्न बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।



CamScanner

बैठक संख्या: २३।२०८०
बैठक मिति: २०८०।०८।२६, समय: दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

## तपसिल

| क्र.स. | आर्थिक सहायता प्रदान गरिने व्यक्ति/संस्थाको नाम,थर /ठेगाना | आर्थिक सहायता प्रदान गर्नुपर्ने कारण | सम्बन्धित वडा/व्यक्ति/संस्था को सिफारिस पत्रको च.नं. र मिति | आर्थिक सहायता रकम/जिन्सी | शिर्षक |
|---|---|---|---|---|---|
| १ | पूसन मुसहर/ वडा नं. २ (जितेन्द्र मुसहर, रामधुनी २ लाई भुक्तानी हुने गरी) | स्वास्थ्य उपचार सहयोग | २०८०।०८।२१ | रु.१०,०००।- | |
| २ | बाबु कृष्ण कटुवाल /वडा नं. ४ | स्वास्थ्य उपचार सहयोग | २०८०।०८।२० | रु.१०,०००।- | वडा नं. ४ को आर्थिक सहायता शिर्षकको बजेटबाट |
| ३ | अमन सरदार / वडा नं. ५ | स्वास्थ्य उपचार सहयोग | ११०३/ २०८०।०८।२४ | रु.१०,०००।- | वडा नं. ५ को विविध शिर्षकको बजेटबाट |
| ४ | पंचायन क्लब/ वडा नं. ७ | खेलकुद सामाग्री सहयोग | ८६३/ २०८०।०७।१७ | रु.२०,०००।- | वडा नं. ७ को पंचायन गोल्डकप शिर्षकको बजेटबाट |
| ५ | उर्मिला देवी मुखिया /वडा नं. ८ | जितिया पुजा कार्यक्रम सहयोग | ६०१/ २०८०।०८।१९ | रु.१०,०००।- | वडा नं. ८ को विविध कार्यक्रम खर्च शिर्षकको बजेटबाट |
| ६ | अखिल नेपाल महिला संघ, सुनसरी जिल्ला समिति | २ नं. क्षेत्रीय भेला तथा सम्मेलन कार्यक्रम | ५/ २०८०।०७।२५ | रु.२०,०००।- | |
| ८ | बराहक्षेत्र मिडिया | थारु संस्कृति झल्काउने चलचित्र सहयोग | | रु.१५,०००।- | |